सम्वत २०७८ सालको कार्यविधि नं. ०९

# भगवतीमाई गाउँपालिका शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट पारित मितिः | २०७८/१०/२६ |
| प्रमाणिकरण मितिः | २०७८/१०/२६ |
| राजपत्रमा प्रकाशित मितिः | २०७८/१०/२६ |

भगवतीमाई गाउँपालिका

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

## विषय-सुची


खण्ड - एक ..... 3

कार्यक्रम कार्यान्वयन सम्बन्धि ..... 3

१ पृष्ठमूमी ..... 3

१.२ पुस्तिकाको उद्देश्यः ..... 3

खण्ड-दुई ..... 3

राजश्व बाँडफाड, वित्तीय सामान्यीकरण र आन्तरिक स्रोतबाट विनियोजित ..... 3

शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रिया एवं मापदण्ड ..... 3

२.१ नेपाल सरकार- राजश्व बाँडफाडतर्फका कार्यक्रमहरु ..... 3

२.१.२ शैक्षिक संस्था सहायता (२५३११) ..... 3

२.२ नेपाल सरकार- वित्तीय सामान्यीकरण तर्फका कार्यक्रमहरु ..... 4

२.२.१ स्थानीय पाठ्यक्रम निर्माण (२२५२२) ..... 4

२.२.२ आधारभूत तह कक्षा-८ को परीक्षा सञ्चालन (२२५२२) ..... 5

२.२.३ प्रधानाध्यापक वैठक सञ्चालन तथा यातायात खर्च (२२५२२) ..... 5

२.२.४ शैक्षिक क्यालेण्डर प्रकाशन, २०७९ (२२५२२) ..... 6

२.२.५ शैक्षिक बुलेटिन प्रकाशन/ बार्षिक शैक्षिक स्थिति प्रतिवेदन (२२५२२) ..... 6

२.२.६ शैक्षिक तथ्याङ्क व्यवस्थान - IEMIS तालिम (२२५२२) ..... 6

२.२.७ अतिरिक्त क्रियाकलाप सञ्चालन (२२५२२) ..... 7

२.२.८ जेहन्दार छात्रवृत्ति (२२५२२) ..... 7

२.२.९ गाउँ शिक्षा योजना निर्माण (२२५२२) ..... 8

२.२.१० अध्यक्ष छात्रवृत्ति वितरण (२२५२२) ..... 9

२.२.११ लेखा व्यवस्थापन तालिम (२२५२२) ..... 10

२.३ आन्तरिक स्रोत तर्फका कार्यक्रमहरु ..... 10

२.३.१ शिक्षक महासंघ कार्यालय व्यवस्थापन (२२५२२) ..... 10

अनुसूचीहरु ..... 12

## खण्ड - एक
## कार्यक्रम कार्यान्वयन सम्बन्धि

### १ पृष्ठमूमी

आर्थिक वर्ष २०७८।०७९ को भगवतीमाई गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेटमा आधारित शिक्षा क्षेत्रका विभिन्न कार्यक्रमहरुको कार्यन्वयनमा एकरुपता तथा प्रभावकारिता कायम गर्न, अनुदानलाई तोकिएको लक्ष्य प्राप्त गर्ने गरी परिचालन गर्न, तोकिएको शीर्षक एव कार्यक्रममा खर्च गर्ने वातावरण सुनिश्चित गर्न, स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्न, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरुमा नियमानुसार खर्च गर्न, स्वीकृत कार्यक्रमका अवधारणा, उद्देश्य, प्रक्रिया तथा रणनीतिहरुका सम्बन्धमा सम्बन्धित शाखा तथा विद्यालय तहका सवै सरोकारहरुलाई परिचित गराई कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउन यो पुस्तिका तयार गरिएको छ।

### १.२ पुस्तिकाको उद्देश्य:

१ गाउँपालिका एवं विद्यालय स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरुको प्रभावकारी रुपममा कार्यन्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने,

२ गाउँपालिका एवं विद्यालय स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरुका सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्नु,

३ बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्न सम्बन्धित निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार एवं जवाफदेही बनाउनु,

४ बार्षिक कार्यक्रम कार्यान्वयन तथा स्रोत परिचालन एवं प्रतिवेदन प्रद्धतिलाई दिशानिर्देश गर्नु, गराउनु

## खण्ड-दुई
## राजश्व बाँडफाड, वित्तीय सामान्यीकरण र आन्तरिक स्रोतबाट विनियोजित शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रिया एवं मापदण्ड

### २.१ नेपाल सरकार- राजश्व बाँडफाडतर्फका कार्यक्रमहरु

#### २.१.२ शैक्षिक संस्था सहायता (२५३११)

<table>
<tr><th>क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>यस कार्यक्रमका लागि विनियोजित रकमबाट देहाय बमोजिम विद्यालयलाई अनुदान उपलब्ध गराउने:
<table>
<tr><th>क्र.स</th><th>शीर्षक</th><th>दर</th><th>Description</th></tr>
<tr><td>१</td><td>शिक्षण सिकाइ अनुदान कक्षा १-५</td><td>मासिक रु. १६,०००/-</td><td>जम्मा १२ महिनाको पारिश्रमिक</td></tr>
<tr><td>२</td><td>शिक्षण सिकाइ अनुदान कक्षा ६-८</td><td>मासिक रु. २१,०००/-</td><td>जम्मा १२ महिनाको पारिश्रमिक</td></tr>
<tr><td>३</td><td>शिक्षण सिकाइ अनुदान ९-</td><td>मासिक रु.</td><td>जम्मा १२ महिनाको</td></tr>
</table></td><td>• गाउँपालिका<br>• विद्यालय</td><td>• सिक्षण सिकाइ अनुदान शिक्षक विवरण<br>• बालविकास शिक्षक तथा विद्यालय कर्मचारी विवरण</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | १० | २८,०००/- | पारिश्रमिक | | • विद्यार्थी संख्या |
| ४ | बालविकास सहजकर्ता थप | मासिक रु. ५,०००/- | जम्मा १२ महिनाको पारिश्रमिक | | |
| ५ | विद्यालय सहयोगी थप | मासिक रु. ५,०००/- | जम्मा १२ महिनाको पारिश्रमिक | | |
| ६ | विद्यालय कर्मचारी थप | मासिक रु. २,५००/- | जम्मा १२ महिनाको पारिश्रमिक | | |
| ७ | एकमुष्ट विद्यालय अनुदान | कम्तिमा बार्षिक रु. १,२०,०००/- र बढीमा विद्यालयको विद्यार्थी सङ्ख्या अनुसार | | | |
| (क) शिक्षक तथा कर्मचारीको हाजिरी समेतको माग फाराम विद्यालयले प्रमाणित गरी पेस गरेको आधारमा मात्र विद्यालयलाई अनुदान उपलब्ध गराउने,<br>(ख) एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च उपलब्ध गराउने,<br>(ग) सिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकलाई बार्षिक रु.१०,०००/- पोशाक भत्ता उपलब्ध गराउने,<br>(घ) यस कार्यक्रमको अनुदान शैक्षिक सहायता कार्यविधि, २०७७ बमोजिम कार्यान्वयन गर्ने, गराउने | | | | | |

## २.२ नेपाल सरकार- वित्तीय सामान्यीकरण तर्फका कार्यक्रमहरु

### २.२.१ स्थानीय पाठ्यक्रम निर्माण (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले तयार गरी लागु गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम स्थानीय तह वा विद्यालयले विकास तथा निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम आगामी शैक्षिक सत्र २०७९ देखि लागु हुने गरी स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्न यस कार्यक्रमका लागि विनियोजन भएको बजेटबाट देहायका क्रियाकलाप सञ्चालन गर्न खर्च गर्नेः<br>१ स्थानीय पाठ्यक्रमको विषय छनौट सम्बन्धि कार्यशाला<br>२ स्थानीय पाठ्यक्रम विकास सम्बन्धी अभिमुखिकरण<br>३ स्थानीय पाठ्यक्रम विकास तथा निर्माण सम्बन्धी कार्यशाला<br>४ स्थानीय पाठ्यक्रम विकास तथा निर्माण समिति बैठक सञ्चालन<br>५ स्थानीय पाठ्यक्रम ड्राफ्ट तयारी तथा सुझाव संकलन<br>६ स्थानीय पाठ्यक्रम टाइपिङ, डिजाइनिङ, छपाई तथा वितरण<br>७ स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रवोधिकरण<br><br>माथिका क्रियाकलापहरु सञ्चालन गर्दा अन्य तालिम, गोष्ठी सरह सञ्चालन गर्ने।<br>कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | • गाउँपालिका | • बील भरपाई<br>• स्थानीय पाठ्यक्रम पुस्तिका<br>• समितिको निर्णय |

### २.२.२ आधारभूत तह कक्षा-८ को परीक्षा सञ्चालन (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट आधारभूत तह कक्षा ८ को परीक्षालाई मर्यादित, स्वच्छ र भयरहित वातावरणमा सञ्चालन तथा व्यवस्थापन गर्न खर्च गर्ने । परीक्षा सञ्चालन तथा व्यवस्थापन **आधारभूत तह (कक्षा-८) परीक्षा सञ्चालन कार्यविधि, २०७८** बमोजिम गर्ने, गराउने ।<br><br>परीक्षा सञ्चालन पश्चात नतिजा प्रकाशनलाई सहज, छिटो तथा त्रुटिरहित बनाउन प्रधानाध्यापक, शिक्षक तथा विद्यालय सहायक कर्मचारीहरुका लागि विद्यार्थी विवरण अध्यावधिक, कक्षा-८ को मार्कलेजर तयारी तथा प्रविष्ट सम्बन्धि अभिमुखिकरण सञ्चालन गर्ने । यस्ता क्रियाकलापहरु सञ्चालन गर्दा अन्य तालिम, गोष्ठी सरह सञ्चालन गर्ने ।<br>कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | • गाउँपालिका | • कक्षा-८ को विद्यार्थी विवरण<br>• प्रश्नपत्र, उत्तरपुस्तिका<br>• ग्रेडसिट तथा मार्कलेजर<br>• परीक्षा समितिको निर्णय |

### २.२.३ प्रधानाध्यापक वैठक सञ्चालन तथा यातायात खर्च (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट देहायका क्रियाकलापहरु सञ्चालन गर्नः<br>१ **प्रधानाध्यापक बैठक सञ्चालनः** विद्यालय शैक्षिक गतिविधिहरुको जानकारी लिन, दिन तथा शैक्षिक समस्याहरु समाधानका लागि भगवतीमाई गाउँपालिका अन्गर्तका विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको मासिक वा आवश्यक्ता अनुसार द्वैमासिक वा त्रैमासिक रुपमा बैठक सञ्चालन गर्ने । बैठक सञ्चालन गर्दा देहाय अनुसार क्रियाकलापमा खर्च गर्नेः<br>कार्यक्रम — दर<br>खाजा खर्च (खाजा खुवाउने) — प्रति दिन रु. १००/-<br>यातायात खर्च (आउदा जादा) — प्रति बैठक रु. ५००/-<br>स्टेशनरी सामाग्री खर्च — आवश्यक्ता अनुसार<br><br>२ **क्षमता विकास कार्यक्रमः** माथिको कार्यक्रम बाहेक प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता विकासका लागि समसामयिक तालिम, कार्यशाला, अभिमुखिकरण तथा गोष्टी (विद्यालय दिवाखाजा व्यवस्थापन, महिनावारी व्यवस्थापन आदि) सञ्चालन गर्ने । यस्ता क्रियाकलापहरु सञ्चालन गर्दा अन्य तालिम, गोष्टी सरह सञ्चालन गर्ने ।<br>कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | • गाउँपालिका | • प्रधानाध्यापकहरुको विवरण<br>• यातायात खर्च बुझिलिएको भरपाई<br>• बैठकको निर्णय |

### २.२.४ शैक्षिक क्यालेण्डर प्रकाशन, २०७९ (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट भगवतीमाई गाउँपालिका अन्तर्गका विद्यालयहरुमा शैक्षिक सत्र २०७९ भरी गरिने शैक्षिक क्रियाकलापहरु समेटी शैक्षिक क्यालेण्डर निर्माण गरी प्रकाशन गर्ने । शैक्षिक बुलेटिन/बार्षिक शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन गर्दा देहाय बमोजिम गर्नेः<br>१ गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा र विद्यालयहरुले गर्ने क्रियाकलापहरु निर्धारण गर्न शिक्षा अधिकृत, कर्मचारी तथा शिक्षकहरुको सहभागीता हुने गरी समिति बनाउने<br>२ संकलित सूचना समावेश गरेर ड्राफ्ट तयार गर्ने<br>३ टाइपिङ्ग तथा डिजाइनिङ्ग गर्ने<br>४ प्रकाशन तथा वितरण गर्ने<br>५ क्यालेण्डर बमोजिम क्रियाकलापहरु सञ्चालन गर्ने गराउने<br>माथिका क्रियाकलापहरु सञ्चालन गर्दा, गराउदा प्रचलित बजार मूल्य भन्दा बढी नहुने गरी रकम खर्च गर्ने । कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | • गाउँपालिका | • सदस्यहरुको विवरण<br>• बील भरपाई<br>• क्यालेण्डर |

### २.२.५ शैक्षिक बुलेटिन प्रकाशन/ बार्षिक शैक्षिक स्थिति प्रतिवेदन (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट गाउँपालिको शैक्षिक स्थिति देखिने गरी विविध सूचनाहरु समावेश गरेर शैक्षिक बुलेटिन/बार्षिक शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन गर्ने । शैक्षिक बुलेटिन/बार्षिक शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन गर्दा देहाय बमोजिम गर्नेः<br>६ सुचना तथा जानकारीहरु संकलनका लागि शिक्षा अधिकृत, कर्मचारी तथा शिक्षकहरुको सहभागीता हुने गरी समिति बनाउने ।<br>७ संकलित सूचना समावेश गरेर ड्राफ्ट तयार गर्ने<br>८ टाइपिङ्ग तथा डिजाइनिङ्ग गर्ने<br>९ प्रकाशन तथा वितरण गर्ने<br>माथिका क्रियाकलापहरु सञ्चालन गर्दा, गराउदा प्रचलित बजार मूल्य भन्दा बढी नहुने गरी रकम खर्च गर्ने । कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | • गाउँपालिका | • सदस्यहरुको विवरण<br>• बील भरपाई<br>• प्रतिवेदन पुस्तिका |

### २.२.६ शैक्षिक तथ्याङ्क व्यवस्थान - IEMIS तालिम (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट विद्यालय तहको Integrated Educational Management Information System मा विद्यालयसंग सम्बन्धित तथ्याङ्कहरु अध्यावधिक गर्न सहजीकरणका लागि तालिम सञ्चालन गर्ने । तालिम सञ्चालन गर्दा देहायका शीर्षकमा नियमानुसार | • गाउँपालिका | • सहभागीहरुको विवरण<br>• पारिश्रमिक वितरण भरपाई |

| | | |
|---|---|---|
| /प्रचलित कानुन अनुसार खर्च गर्नेः<br>१ सहभागीहरुको खाना तथा यातायात खर्च<br>२ सहभागीहरुको खाजा खर्च<br>३ प्रशिक्षक सहजीकरण पारिश्रमिक खर्च<br>४ स्टेशनरी सामाग्री खर्च<br>५ कार्यक्रम व्यवस्थापन तथा प्रतिवेदन<br>कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने । | | • प्रतिवेदन |

### २.२.७ अतिरिक्त क्रियाकलाप सञ्चालन (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुको आन्तरिक क्षमता/प्रतिभा पहिचान गर्न देहायका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नेः<br>१ हाजिरी जवाफ प्रतियोगिता,<br>२ वक्तृत्वकला प्रतियोगिता,<br>३ वादविवाद प्रतियोगिता,<br>४ हिज्जे प्रतियोगिता,<br>५ नृत्य, गायन तथा वाध्यवादन प्रतियोगिता,<br>६ चित्रकला प्रतियोगिता,<br>७ निबन्ध लेखन प्रतियोगिता,<br>८ कविता प्रतियोगिता,<br>माथिका क्रियाकलापहरु सञ्चालन गर्दा देहाय बमोजिमका शीर्षकमा रकम खर्च गर्ने । कार्यक्रमको अनुमानित खर्चको विवरण कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर मात्र सञ्चालन गर्ने ।<br>(क) कार्यक्रममा सहभागी भई प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीहरुका प्रोहत्सानका लागि पुरस्कार,<br>(ख) कार्यक्रम सञ्चालनका क्रममा सहभागीको मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको पारिश्रमिक,<br>(ग) कार्यक्रममा सहभागीहरुका लागि खाजा,<br>(घ) स्टेशनरी तथा प्रमाण पत्र,<br>(ङ) कार्यक्रम व्यवस्थापन तथा प्रतिवेदन, | • गाउँपालिका,<br>• विद्यालय | • सहभागी विद्यार्थीहरुको विवरण<br>• पुरस्कृत विद्यार्थीहरुको विवरण<br>• पुरस्कार वितरण, सामाग्री किनेको, खाजा खुवाएको, पारिश्रमिक वितरण गरेको, बील तथा भरपाईहरु<br>• प्रतिवेदन |

### २.२.८ जेहन्दार छात्रवृत्ति (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट सामुदायिक विद्यालयमा अध्ययनरत देहाय बमोजिम विद्यार्थीहरुलाई दोहोरो नपर्ने छात्रवृत्ति उपलब्ध गराउनेः<br>**(१) छनौट समितिः (१)** छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक छनौट समिति गठन गर्नेः | • गाउँपालिका | • छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुको विवरण |

<table>
<tr>
<td>
(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक<br>
(ख) सम्बन्धित विद्यालयका शिक्षकले आफुहरु मध्येबाट छानी पठाएको एक जना शिक्षक -सदस्य<br>
(ग) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव<br>
(२) छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरु:<br>
(क) विद्यालयमा अध्ययन अध्ययनरत जेहन्दार बालबालिकाहरु,<br>
(ख) सामाजिक रुपमा बहिष्करणमा पारिएका समुदायका बालबालिकाहरु,<br>
(ग) विपन्न परिवार/असाहय बालबालिकाहरु,<br>
(घ) विशेष/अतिरिक्त (गायन, नृत्य, अभिनय, चित्रकला, खेलकुद आदि) क्षमता/प्रतिभा भएका बालबालिकहरु,<br>
(ङ) गैर आवासीय दलित छात्रा छात्रावृत्ति नपाएका बालबालिकाहरु<br>
(३) छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रिया:<br>
(क) चालु शैक्षिक सत्रमा जेहन्दार छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौटका लागि गाउँपालिकाले विद्यालयहरुलाई सूचना प्रकाशन गर्न।<br>
(ख) विद्यालयले छनौट समितिबाट विद्यार्थी छनौट गराई छनौट भएका विद्यार्थीहरुको विवरण अनुसूची- १ बमोजिमको ढाँचामा तोकिएको मिति भित्र गाउँपालिकामा पठाउने।<br>
(ग) सवै विद्यालयबाट विद्यार्थीको विवरण प्राप्त भए पश्चात विनियोजित रकमलाई देहायको विद्यालय तह र विद्यार्थी सङ्ख्याले भाग गरी हुन आउने रकम गाउँपालिकाले विद्यालयलाई उपलब्ध गराउने। यसरी रकम उपलब्ध गराउदा आधारभूत तहको रकम दरको भन्दा माध्यमिक तहको रकम दरमा बढीमा दश प्रतिशत रकम थप गरी उपलब्ध गराउन सकिनेछ।
<table>
<tr><th rowspan="2">तह</th><th rowspan="2">कक्षा</th><th colspan="2">विद्यार्थी संख्या</th><th rowspan="2">जम्मा</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>छात्र</th><th>छात्रा</th></tr>
<tr><td rowspan="2">आधारभूत</td><td>१-५</td><td>१</td><td>१</td><td>२</td><td></td></tr>
<tr><td>६-८</td><td>१</td><td>१</td><td>२</td><td></td></tr>
<tr><td rowspan="2">माध्यमिक</td><td>९-१०</td><td>१</td><td>१</td><td>२</td><td></td></tr>
<tr><td>११-१२</td><td>१</td><td>१</td><td>२</td><td></td></tr>
</table>
(घ) रकम प्राप्त भएपछि विद्यालयले विद्यार्थीलाई अनुसूची-२ बमोजिमको ढाँचामा वितरण गरी सो को प्रतिलिपी गाउँपालिकामा पठाउने।
</td>
<td></td>
<td>• छात्रवृत्तिका वितरण</td>
</tr>
</table>

### २.२.९ गाउँ शिक्षा योजना निर्माण (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट भगवतीमाई गाउँपालिकाको शिक्षा योजना निर्माण गर्ने। कार्यक्रम सञ्चालन गर्दा देहायका शीर्षकमा नियमानुसार /प्रचलित कानुन अनुसार खर्च गर्ने:<br>१ शिक्षा योजना निर्माण कार्यदल बैठक भत्ता<br>२ वैठक खाजा खर्च<br>३ योजना निर्माण निर्माण कार्यशाला<br>४ स्थानीय पाठ्यक्रम ड्राफ्ट तयारी तथा सुझाव संकलन<br>५ टाइपिङ, डिजाइनिङ, छपाई तथा वितरण | • गाउँपालिका | • सहभागीहरुको विवरण<br>• पारिश्रमिक वितरण भरपाई<br>• प्रतिवेदन |

### २.२.१० अध्यक्ष छात्रवृत्ति वितरण (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट सामुदायिक विद्यालयमा अध्ययनरत देहाय बमोजिम विद्यार्थीहरुलाई दोहोरो नपर्ने गरी लक्षित वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनेः<br>**(१) छनौट समितिः** छात्रवृत्तिका लागि विद्यार्थी छनौट गरी सिफारिस गर्न देहाय बमोजिमकको एक छनौट समिति रहनेछः<br>(क) गाउँपालिकाको अध्यक्ष -संयोजक<br>(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव<br>**(२) छात्रवृत्तिका लागि विद्यार्थी छनौटका आधारहरुः**<br>(क) आर्थिक रुपमा विपन्न/गरिव परिवारबाट सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरु,<br>(ख) सामाजिक रुपमा बहिष्करणमा (दलित, अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका) पारिएका समुदायबाट सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरु,<br>(ग) असाहय बालबालिकाहरु,<br>(घ) एच.आइ.भी संक्रमिति बालबालिकाहरु,<br>(ङ) कोभिड -१९ को संक्रमणमा ज्यान गुमाएका परिवारबाट सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरु<br>**(३) छात्रवृत्तिको कोटा निर्धारणः** गाउँपालिकाले विनियोजन गरेको रकमलाई शतप्रतिशत मानी यस कार्यविधिले निर्धारण गरेको छात्रवृत्तिको दरको आधारमा देहाय बमोजिम कोटा निर्धारण गर्नुपर्नेछः<br>(क) कक्षा (१-५) बीस प्रतिशत,<br>(ख) कक्षा (६-८) बीस प्रतिशत,<br>(ग) कक्षा (९-१०) बीस प्रतिशत,<br>(घ) कक्षा (९-१२) बीस प्रतिशत,<br>(ङ) उच्च शिक्षातर्फ बीस प्रतिशत,<br>**(४) छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रियाः**<br>(क) चालु शैक्षिक सत्रमा छात्रवृत्ति वितरणका लागि कोटा निर्धारण गरिसकेपछि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । छात्रवृत्तिका लागि आवेदन दिन चाहने विद्यार्थीहरुले अनुसूची- ३ बमोजिमको ढाँचामा सूचनामा तोकिएको मिति र समय भित्र आवेदन दिनुपर्नेछ।<br>(ख) प्राप्त आवेदनहरुको अनुसूची-४ बमोजिम गाउँपालिकाले मूल्याङ्कन गरी योग्यताक्रम अनुसार अनुसूची-५ बमोजिमको प्रत्येक तहको अलग अलग विवरण तयार गरी स्वीकृतिका लागि छात्रवृत्ति छनौट समितिमा पेश गर्नुपर्नेछ।<br>(ग) छात्रवृत्ति छनौट समितिले छात्रवृत्तिका लागि स्वीकृत गरेका विद्यार्थीहरुलाई देहाय बमोजिम छात्रवृत्ति विद्यार्थी वा निजको एकाघरको अभिभावकलाई नगद वा वैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ । नगद उपलब्ध गराउदा अनुसूची -६ बमोजिमको ढाँचामा भरपाई गराउने । | • गाउँपालिका | • छात्रवृत्तिका आवेदन गरेका विद्यार्थी सङ्ख्या<br>• निर्णय पुस्तिका<br>• छात्रवृत्ति वितरण भरपाई |

**१) विद्यालय शिक्षा तर्फः** यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको कक्षा १ देखि १२ सम्म अध्ययनरत विपन्न/गरिव परिवार, दलित, अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका तथा एच.आइ.भी.संक्रमित बालबालिकाहरुलाई उनीहरुको विद्यालय शिक्षामा निरन्तरताका दिनका लागि देहाय अनुसारको छात्रवृत्ति रकम उपलब्ध गराउने ।

| कक्षा | दर |
|---|---|
| कक्षा १ देखि ५ सम्म | बार्षिक रु.२०००/- |
| कक्षा ६ देखि ८ सम्म | बार्षिक रु.३०००/- |
| कक्षा ९ देखि १० सम्म | बार्षिक रु. ४०००/- |
| कक्षा ११ देखि १२ सम्म | बार्षिक रु.५०००/- |

**(२) उच्च शिक्षा तर्फ (स्नातक तह वा सो भन्दा माथि):** यस गाउँपालिकामा स्थायी ठेगाना भई उच्च शिक्षा प्राप्तिका लागि मान्यता प्राप्त उच्च शिक्षालय, क्याम्पस तथा विश्वविद्यालयमा अध्ययनरत विपन्न/गरिव परिवार, दलित, अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका तथा एच.आइ.भी.संक्रमित विद्यार्थीका लागि बार्षिक रु. २०,०००/- छात्रवृत्ति उपलब्ध गराउने ।

### २.२.११ लेखा व्यवस्थापन तालिम (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट सामुदायिक विद्यालयमा लेखा व्यवस्थापन गर्ने कार्यमा प्राविधिक सहयोग पुऱ्याउन विद्यालयका विद्यालय सहायक कर्मचारी, लेखा सम्बन्धि काम गर्ने शिक्षक वा प्रधानाध्यपकहरुका लागि तालिम सञ्चालन गर्ने । तालिम सञ्चालन गर्दा देहायका शीर्षकमा नियमानुसार /प्रचलित कानुन अनुसार खर्च गर्नेः<br>६ सहभागीहरुको खाना तथा यातायात खर्च<br>७ सहभागीहरुको खाजा खर्च<br>८ प्रशिक्षक सहजीकरण पारिश्रमिक खर्च<br>९ स्टेशनरी सामाग्री खर्च<br>१० कार्यक्रम व्यवस्थापन तथा प्रतिवेदन | • गाउँपालिका | • सहभागीहरुको विवरण<br>• पारिश्रमिक वितरण भरपाई<br>• प्रतिवेदन |

## २.३ आन्तरिक स्रोत तर्फका कार्यक्रमहरु

### २.३.१ शिक्षक महासंघ कार्यालय व्यवस्थापन (२२५२२)

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| यस कार्यक्रमका लागि विनियोजित बजेटबाट शिक्षकहरुको हकहित प्रवर्द्धन तथा शैक्षिक उन्नयनका लागि कानून बमाजिम गठित गाउँपालिका स्तरीय शिक्षक महासंघको कार्यालय व्यवस्थापनका लागि देहाय बमोजिम गर्ने, गराउने<br>१ कार्यालय स्थापना नभएको भए कार्यालय स्थापना गर्ने र सोका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने, गराउने<br>२ कार्यालय स्थापना भई सकेको भए कार्यालय सञ्चालनका लागि | • गाउँपालिका | • सहभागीहरुको विवरण<br>• पारिश्रमिक वितरण भरपाई<br>• प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| | आवश्यक सामाग्रीहरु उपलब्ध गर्ने, गराउने | | |
| ३ | कार्यालयको घर भाडा, विजुली बत्ती भाडा तिर्ने | | |

# अनुसूची -१

## जेहन्दार छात्रवृत्तिका लागि विद्यार्थी विवरण

विद्यालयको नाम र ठेगानाः.................................................................................

IEMIS CODE: ...........................

सञ्चालित कक्षाः...........................

| तह | कक्षा | विद्यार्थीको नाम | कक्षा | Student ID | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| आधारभूत | १-५ | | | | छात्र | |
| | | | | | छात्रा | |
| | ६-८ | | | | छात्र | |
| | | | | | छात्रा | |
| माध्यमिक | ९-१० | | | | छात्र | |
| | | | | | छात्रा | |
| | ११-१२ | | | | छात्र | |
| | | | | | छात्रा | |

तयार गर्नेको

दस्तखतः

नामः

मितिः

प्रधानाध्यापकको

दस्तखतः

नामः

मितिः

**अनुसूची-२**

**जेहन्दार छात्रवृत्ति वितरण भरपाई**

विद्यालयको नाम र ठेगानाः………………………………………………………………………………

IEMIS CODE: ………………………

सञ्चालित कक्षाः………………………...

| तह | कक्षा | विद्यार्थीको नाम | कक्षा | Student ID | लिङ्ग | दस्तखत |
|---|---|---|---|---|---|---|
| आधारभूत | १-५ | | | | छात्र | |
| | | | | | छात्रा | |
| | ६-८ | | | | छात्र | |
| | | | | | छात्रा | |
| माध्यमिक | ९-१० | | | | छात्र | |
| | | | | | छात्रा | |
| | ११-१२ | | | | छात्र | |
| | | | | | छात्रा | |

तयार गर्नेको
दस्तखतः
नामः
मितिः

प्रधानाध्यापकको
दस्तखतः
नामः
मितिः

## अनुसूची -३

## अध्यक्ष छात्रवृत्ति आवेदन फाराम

श्री भगवतीमाई गाउँपालिका

शिक्षा युवा तथा खेलकुद शाखा, दैलेख।

शैक्षिक ………………………सत्रको अध्यक्ष छात्रवृत्तिका लागि तपसिलको विवरण सहित निवेदन पेश गर्दछु।

नामः………………………………………………अध्ययनरत कक्षाः ……….Student Id…………

बाबुको नाम थरः…………………………… आमाको नाम थरः………………………………..
ठेगानाः……………………………………………………………………………………….

विद्यालयको नाम र ठेगनाः…………………………………………………………………….

दस्तखतः…………………….. मितिः………………………सम्पर्क नं.………………………….

| शिक्षालय/विद्यालयले भर्ने | | |
|---|---|---|
| क्रस | मूल्याङ्कनका आधारहरु | सूचकहरु |
| १ | उपस्थिति (हाजिरी पुस्तिकाको आधारमा भर्ने) | १ निज विद्यार्थी हाल……….. कक्षामा अध्ययनरत विद्यार्थी हुन।<br>२ यो आवेदनको सूचना प्रकाशन भएको दिनसम्म विद्यालय खुलेको जम्मा दिन……………हो।<br>३ सो अवधिमा विद्यार्थी…………………………… जम्मा दिन …………..मात्र विद्यालयमा हाजिर भएका छन्।<br>४ निज विद्यालयमा हाजिर भएको दिन…………. प्रतिशत हो। |
| २ | सिकाइ उपलब्धि (अघिल्लो कक्षाको नतिजाको आधारमा भर्ने) | ५ शैक्षिक सत्र ……………………..कक्षा………. को परीक्षामा निज ……………..GPA ल्याई उत्तीर्ण भएका हुन्। |
| ३ | अपाङ्गता (अपाङ्गता भएमा - कुनै एकमा मात्र ठिक (✓)लगाउने ) | ६ निज ………………………...अपाङ्गा भएका विद्यार्थी हुन्।<br>७ उनी विद्यालयमा आउदा जादा अरुको सहयोग नलिइकन आफै आउछन।<br>८ उनी अरुको सहायता लिइकन विद्यालयमा आउने जाने गर्दछन। |
| माथि उल्लेखित विद्यार्थीको विवरण साँचो हो। झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहने बुझाउने छु।<br>विद्यालयको छाप<br>शिक्षालय प्रमुख/प्रधानाध्यापकको<br>दस्तखतः<br>नामः<br>मितिः | | |
| वडा कार्यालयले भर्ने | | |
| ४ | असाहय/अनाथ (निजको तथ्य विवरणमा मात्र ठिक (✓)लगाउने ) | ९ माथि उल्लेखित विद्यार्थीको दुवै आमाबाबुको मृत्यु भईसकेको छ।<br>१० निजको आमाको मात्र मृत्यु भईसकेको छ।<br>११ निजको बाबुको मृत्यु भईसकेको छ ।<br>१२ निजको आमाले अर्को विवाह गरी छोडेर गएकी छन्।<br>१३ निजको बाबुले अर्को विवाह गरी बसेका छन्। |

| | | |
|---|---|---|
| ५ | विपन्नता/गरीव वडाको अभिलेखबाट (निजको तथ्य विवरणमा मात्र ठिक (✓)लगाउने) | १४ निजको अभिभावको आफ्नो घर नभएकोले घर भाडामा बस्दछन र आमाबाबुको दुवैको पनि स्थायी वा अस्थायी नोकरी छैन ।<br>१५ निजको अभिभावकको जग्गा जमिनबाट ३ महिना भन्दा कम खाना पुग्छ र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी छैन।<br>१६ निजको अभिभावकको जग्गा जमिनबाट ३ देखि ६ महिनासम्म खाना पुग्छ र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी छैन।<br>१७ निजको अभिभावकको जग्गा जमिनबाट ६ देखि १२ महिना खाना पुग्छ र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी छैन । |
| ६ | महिला/छात्रा | १८ |
| ७ | दलित वा अल्पसङ्ख्यक समुदाय अभिलेखबाट (निजको तथ्य विवरणमा मात्र ठिक (✓)लगाउने ) | १९ निजको थर……………………दलित समुदायको थर हो ।<br>२० निजको थर……………………अल्पसङ्ख्यक समुदायको थर हो । |
| ८ | एच.आइ.भी. संक्रमित अभिलेखबाट (निजको तथ्य विवरणमा मात्र ठिक (✓)लगाउने ) | २१ निज विद्यार्थीको आमाबाबु दुवै एच.आइ.भी. संक्रमित हुन् ।<br>२२ निज विद्यार्थीको आमा एच.आइ.भी. संक्रमित हुन् ।<br>२३ निज विद्यार्थीको बाबु एच.आइ.भी. संक्रमित हुन् ।<br>२४ निज आफै एच.आइ.भी. संक्रमित हुन् । |

माथि उल्लेखित विद्यार्थीको विवरण साँचो हो । झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहने बुझाउने छु ।

प्रमाणित गर्नेको

कार्यालयको छाप

दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची-४

## अध्यक्ष छात्रवृत्ति मूल्याङ्कन फाराम

विद्यार्थीको नामः…………………………………………………………….लिङ्ग…................

विद्यालयको नाम र ठेगानाः………………………………………………………………………

अध्ययनरत कक्षाः………………………… Student ID…………………………

विद्यार्थीको ठेगानाः……………………………………………………………………………..

| क्र.स | मूल्याङ्कनका आधार | अङ्क भार | प्राप्त अङ्क | अङ्क दिन आधार |
|---|---|---|---|---|
| १ | उपस्थिति | १० | | फाराम खुलेको दिन सम्म विद्यालय खुलेको जम्मा दिनको ७०% वा सो भन्दा बढि हाजिर भए १० अङ्क, ५०% वा सो भन्दा बढी ६९% सम्म भए ७ र ४९% भन्दा कम भए ५ अङ्क |
| २ | सिकाइ उपलब्धि | १० | | हाल अध्ययनरत कक्षा भन्दा अघिल्लो कक्षाको वार्षिक परीक्षामा ३.६ भन्दा माथिको GPA भए १० अङ्क, २.८ वा सो भन्दा माथि ३.५ सम्मको GPA भए ७ र २.७ भन्दा कम GPAभए ५ अङ्क |
| ३ | अपाङ्गता | ५ | | अर्काको सहायता चाहिने भए ५ अङ्क, सहायता नचाहिने भए ३ अङ्क |
| ४ | असाहय/अनाथ | १० | | विद्यार्थीको आमा बाबु दुवैको मृत्यु भएको भए १०, आमा वा बाबु मध्ये कुनै एकको मृत्यु भएको भए वा आमाले दोस्रो विवाह गरी छोडी गएको वा बाबुले अर्को विवाह गरी बसेको भए ५ अङ्क |
| ५ | विपन्नता/गरीव | १० | | सम्बन्धित वडा कार्यालयले विद्यार्थीको अभिभावकको आफ्नो घर नभई घर भाडामा बस्ने गरेको र आमाबाबुको दुवैको पनि स्थायी वा अस्थायी नोकरी नभएको प्रमाणित गरेको भए १० अङ्क, आफ्नो जग्गा जमिनबाट ३ महिना भन्दा कम खाना पुग्ने र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी नभएको प्रमाणित गरेको भए ८ अङ्क,३ महिनादेखि ६ महिना सम्म खान पुग्ने र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी नभएको प्रमाणित गरेको भए ५ अङ्क, ६ देखि १२ महिना खाना पुग्ने र आमाबाबुको दुवैको स्थायी वा अस्थायी नोकरी नभएको प्रमाणित गरेको भए ३ अङ्क |
| ६ | महिला/छात्रा | २ | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | दलित वा अल्पसङ्ख्यक समुदाय | २ | | कामी, सार्की, दमाई, बादी, गाइने (थर नखुलेमा सम्बन्धित वडाको सिफारिस) |
| ८ | एच.आइ.भी. संक्रमित | १ | | विद्यार्थीको आमाबाबु दुवै वा आमाबाबु मध्ये कुनै एक वा विद्यार्थी स्वयम एच. आइ. भी. संक्रमित भए १ अङ्क |
| जम्मा | | ५० | | |

मूल्याङ्कन गर्नेको	प्रमाणित गर्नेको

दस्तखतः	दस्तखतः

नामः	नामः

मितिः	मितिः

**अनुसूची-५**

**अध्यक्ष छात्रवृत्ति छनौट योग्यताक्रम तालिका**

**(प्रत्येक तहको अगल अलग तयार गर्ने)**

निर्धारित कोटा संख्याः…………………….        परेको आवेदन………………………..

| सिन | विद्यार्थीको नाम थर | कक्षा | उमेर | लिङ्ग | कुल प्राप्ताङ्क | विद्यालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेको

दस्तखतः

नामः

मितिः

प्रमाणित गर्नेको

दस्तखतः

नामः

मितिः

**अनुसूची-६**

**अध्यक्ष छात्रवृत्ति वितरण भरपाई**

**(कक्षा १-५)**

निर्धारित कोटा संख्याः……………………… परेको आवेदन………………………..

| सिन | विद्यार्थीको नाम थर | कक्षा | विद्यालयको नाम र ठेगाना | लिङ्ग | कुल प्राप्ताङ्क | बुझिलिएको रकम रु | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेको

दस्तखतः

नामः

मितिः

प्रमाणित गर्नेको

दस्तखतः

नामः

मितिः